आज मिति २०७८।०१।२४ गतेका दिन तमानखोला गाँउपालिकाका अध्यक्ष श्री जोकलाल वुढाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपशिल वमोजिमको उपस्थितिमा वसी तपशिल वमोजिमका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | | | |
|---|---|---|---|
| श्री जोकलाल वुढा | अध्यक्ष | तमानखोला गाउँपालिका | अध्यक्ष |
| श्री मानसरी सेरचन | उपाध्यक्ष | तमानखोला गाउँपालिका | सदस्य |
| श्री थम प्रसाद रोका | अध्यक्ष | तमानखोला गाउँपालिका वडा नं. १ | सदस्य |
| श्री मिन वहादुर घर्ती | अध्यक्ष | तमानखोला गाउँपालिका वडा नं. २ | सदस्य |
| श्री गिर वहादुर घर्ती | अध्यक्ष | तमानखोला गाउँपालिका वडा नं. ३ | सदस्य |
| श्री उद्धिम वहादुर छन्त्याल | अध्यक्ष | तमानखोला गाउँपालिका वडा नं. ४ | सदस्य |
| श्री हिरा वहादुर वि.क. | अध्यक्ष | तमानखोला गाउँपालिका वडा नं. ५ | सदस्य |
| श्री कुल वहादुर छन्त्याल | अध्यक्ष | तमानखोला गाउँपालिका वडा नं. ६ | सदस्य |
| श्री हिरादेवी कामी | | | कार्यपालिका सदस्य |
| श्री गौमाया घर्ती | | | कार्यपालिका सदस्य |
| श्री लिल कुमारी वि.क. | | | कार्यपालिका सदस्य |
| श्री हिरामान कामी | | | कार्यपालिका सदस्य |
| श्री भुलमती सिर्पाली | | | कार्यपालिका सदस्य |
| श्री टिका कुमारी दमाई | | | कार्यपालिका सदस्य |
| श्री विकास लम्साल | प्रमुख प्रशासकीय अधिकृत | | सदस्य-सचिव |

**प्रस्तावहरु :**

**प्रस्ताव नं. १ :**

अघिल्लो बैठकका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**प्रस्ताव नं. २ :**

पूर्ण खोप सुनिश्चितता युक्त पालिका घोषणा गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं. ३ :**

विभिन्न कोषहरुको बैंङ्क खाता संचालन सम्बन्धमा ।

**प्रस्ताव नं. ४ :**

स्थानीय तहको संस्थागत क्षमता स्वमुल्याङ्कनको नतिजा अनुमोदन तथा सार्वजनिक गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं. ५ :**

संघ तथा प्रदेशसँगको सहलगानीमा ढोरपाटन नगरपालिकाको बुतिवाङ देखी बोङ्गादोभानसम्मको १० कि.मि. बाटो कालोपत्रे गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं.६ :**

सामुदायिक तथा संस्थागत विद्यालयले पालना गर्नुपर्ने नियम सम्बन्धमा ।

**प्रस्ताव नं. ७ :**

बुद्ध आधारभुत विद्यालयलाई कक्षा ८ थप र हिलसाईड बोर्डिङ स्कुललाई कक्षा १० थपको अनुमति दिने सम्बन्धमा ।

**प्रस्ताव नं. ८ :**

कोभिड १९ को संक्रमणकालिन अवस्थामा गाउँपालिका योजना संचालन तथा सेवा प्रवाह सम्बन्धमा ।

**प्रस्ताव नं. ९ :**

पालिका स्तरीय कोभिड १९ नियन्त्रण तथा रोकथाप समन्वय समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

**निर्णय नं. १ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडिको कार्यपालिका बैठकमा भएका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो, साथै प्रभावकारी कार्यान्वयन गर्नमा सबैले जोड दिने सर्वसम्वत निर्णय गरियो ।

**निर्णय नं. २ :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस तमानखोला गाउँपालिकामा रहेका १६ देखि २३ महिना भित्रका १९२ बालबालिकाहरुले पूर्ण खोप पाएको एवं कुनैपनि बालबालिका खोप लगाउन बाँकी नरहेकोले यस पालिकालाई पूर्ण खोप सुनिश्चित पालिका घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस पालिका मार्फत संचालन हुने तपशिल बमोजिमका कोषहरुको छुट्टा-छुट्टै खाता संचालन गर्ने निर्णय गरियो ।

**तपशिल:**

१. तमानखोला गाउँपालिका मर्मत संभार कोष

२.तमानखोला गाउँपालिका आकस्मिक कोष

३. तमानखोला गाउँपालिका जेहन्दार छात्र वृति कोष

४.तमानखोला गाउँपालिका खेलकुद विकास कोष

५. तमानखोला गाउँपालिका कर्मचारी कल्याण कोष

६. तमानखोला गाउँपालिका खाद्य सुरक्षा कोष

७. तमानखोला गाउँपालिका लैंगिक हिंसा निवारण कोष

**निर्णय नं. ४ :**

प्रस्ताव नं ४ माथि छलफल गर्दा स्थानिय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन गर्ने सम्बन्धमा यस पालिकाको स्वमूल्याकंन गर्दा प्राप्त भएको मूल्यांकित अंक ६१.२५ भएकोमा सोही मूल्याङ्कनलाई अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ :**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा संघ तथा प्रदेश सँगको सह-लगानिमा निर्माण गरिने ढोरपाटन नगरपालिकाको बुर्तिबाङ देखि तमानखोला गाउँपालिकाको बोंगादोभान सम्मको १० कि.मि. बाटो कालोपत्रे गर्ने सम्बन्धमा निम्नानुसार गर्ने निर्णय गरियो ।

१. स्थानिय पूर्वाधार विकास कार्यालय पोखरा लाई सह-लगानीमा योजना संचालन गर्ने गरी अनुरोध गर्ने ।

२. ढोरपाटन नगरपालिकाको बुर्तिबाङ देखि तमानखोला गाउँपालिकाको बोंगादोभान सम्मको १० कि.मि. बाटो मध्ये ७ कि.मि. बाटो ढोरपाटन नगरपालिकाको क्षेत्र भित्र पर्ने भएकोले उक्त ७ कि.मि. बाटोको कालोपत्रे गर्दा ढोरपाटन नगरपालिकालाई सह-लगानी गर्न अनुरोध गर्ने ।

३.यस तमानखोला गाउँपालिकामा पर्ने ३ कि.मि. बाटोको कालेपत्रे गर्दा गर्नुपर्ने सह-लगानी सम्बन्धमा यस पालिकाको आन्तरीक श्रोत र संघिय तथा प्रदेश सरकारबाट प्राप्त समानिकरण अनुदान पनि न्यून भएकोले यस पालिकाले व्यहोर्नुपर्ने सह–लगानीको रकम व्यवस्थापनको लागि संघिय सरकारलाई अनुरोध गर्ने ।

**निर्णय नं. ६ :**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा सामुदायिक तथा संस्थागत विद्यालयहरुले निम्नानुसारका नियमहरु पालना गर्नुपर्ने ।

यस गाउँपालिका अर्न्तगतका केही विद्यालयहरुका सम्बन्धमा विद्यार्थी,अभिभावक तथा नागरिकबाट विभिन्न गुनासाहरु प्राप्त हुन आएकाले सबै सामुदायीक तथा संस्थागत विद्यालयहरुले देहायका निर्देशन हरु अनिवार्य रुपमा कार्यन्वयन गर्नु गराउन हुन आवश्यक भएकाले यी नियमहरु बनाईएको छ ।

**नियमहरु :**

१ सबै विद्यालयहरुले आधारभुत तह सम्म नि :शुल्क प्रमाणपत्र उपलब्ध गराउनुपर्ने ।

२.सबै विद्यालयले माध्यमिक तह (कक्षा ९-१२) मा चारित्रिक/स्थानान्तरण प्रमाणपत्र वापत रु १०००/- (एक हजार मात्र ) भन्दा बढी लिन नपाउने ।

३ प्रमाण पत्र वापत बढी शुल्क लिएमा विद्यालयले तल्काल बढी लिएको शल्क फिर्ता गर्नुपर्ने वा विद्यालयले लिने अन्य शुल्कमा मिलान गर्नु पर्ने ।

४ कुनै पनि विद्यालयले स्थानान्तरण /चारित्रिक प्रमाण पत्र बिना विद्यार्थी भर्ना गर्न नपाउने र उपलब्ध हुन नसक्ने विद्यार्थीको हकमा गाउँपालिका शिक्षा शाखा प्रमुखको पूर्व स्वीकृतिमा मात्र भर्ना गर्ने शिक्षा प्रमुखले गाउं शिक्षा समितिको राए लिएर मात्र अनुमति दिने ।

५ संस्थागत विद्यालयबाट स्थानान्तरण भई अन्यत्र जाने विद्यार्थीहरुका लागी अभिभावकहरुले अनिवार्य रुपमा शुल्क भुक्तानि गरी प्रमाण पत्र लिनु पर्ने । शुल्क भुक्तानि गरेका विद्यार्थीहरुको प्रमाण पत्र उपलब्ध गराउन अभिभावकले निवेदन दिएमा विद्यालयले सात दिन भित्र प्रमाण पत्र उपलब्ध गराउनु पर्ने,।

६ संस्थागत विद्यालयले शैक्षिक शत्र सुरु भएको दुई महिना भित्र नियमानुसार उपलब्ध गराउनुपर्ने कक्षागत छात्रावृत्ति उपलब्ध गराई सूचना पाटीमा सार्वजनिक गरी सो को विवरण गाउँपालिकामा पठाउनुपर्ने ।

७ सामुदायीक तथा संस्थागत कुनै पनि विद्यालयले गाउँपालिका बाट पूर्व स्वीकृति नलिई कुनै पनि विषयमा शुल्क लिन नपाउने ।
८ विद्यालय व्यवस्थापन समितिले आफू खुसी निर्णय गरी शुल्क लिन नपाउने ।
९ विद्यालयको हाता भित्र टियुशन तथा कोचिङ कक्षा सञ्चालन गर्दा विद्यालय व्यवस्थापन समितिको सहमतिमा गाउँपालिकाको स्वीकृतिमा मात्र सञ्चालन गर्ने स्वीकृत रकम विद्यालयको खातामा अनिवार्य दाखिला गर्ने ।
१० विभागीय स्वीकृत बाहेक सामुदायीक विद्यालयमा कार्यरत कुनै पनि शिक्षक अन्यत्र कामकाजमा जान नपाउने ।
११ नेपाल सरकारले सार्वजनिक विदा भनि उल्लेख गरेको दिनमा तथा गाउँपालिकाले आधिकारीक सूचना निकालेको दिनमा बाहेक अन्य दिनमा सामुदायीक विद्यालयका शिक्षकलाई प्रधानाध्यापकले विदा दिन नपाउने यदि दिनै पर्ने भए गाउँपालिकाको अनिवार्य स्वीकृति लिनुपर्ने ।
१२ विद्यालय बाहिर टयुशन तथा कोचिङ कक्षा सञ्चालन गर्दा अनिवार्यरुपमा गाउँपालिकाको स्वीकृति लिनुपर्ने ।
१३ यस निर्देशनको वर्खिलाप गरी कसैले स्वीकृति नलिई वा स्वीकृत दर भन्दा बढी शुल्क लिएमा लिएको शुल्क फिर्ता गर्न लगाई सामुदायीक विद्यालयको हकमा सम्बन्धि प्रधानाध्यापक र संस्थागत विद्यालयको हकमा विद्यालयलाई रु १०,०००/- रुपयाँ जरिवाना गर्न सकिने ।

**निर्णय नं. ७ :**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस तमानखोला गाउँपालिकामा संचालनमा रहेका बुद्ध आधारभूत विद्यालयलाई कक्षा ८ र हिलसाईड बोर्डिङ स्कुललाई कक्षा १० थपको अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँपालिकामा संचालनमा रहेका योजना तथा सेवा प्रवाहलाई कोभिड १९ को संक्रमण प्रति सचेत हुँदै स्वास्थ्य मापदण्डहरुलाई पूर्ण रुपमा पालना गरी योजना संचालन गर्ने साथै कार्यालय बाट अत्यावश्यक एवं आन्तरीक कार्यहरु सम्पादन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा मिति २०७८।०१।२२ गतेका दिन बसेको कोभिड १९ रोकथाम तथा नियन्त्रण समन्वय समितिको बैठकमा भएका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।